## कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण/तालिम कार्यक्रमको सम्पन्न

विशेष अदालतको आयोजनामा अदालतमा कार्यरत न्यायाधीश, कर्मचारीलगायत भाषागत काम गर्ने सबै जनशक्तिका लागि मिति २०७९।०३।०५ र ०६ गते दुई दिवसीय कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण विषयक तालिम कार्यक्रम सम्पन्न भएको छ। राष्ट्रियगानबाट शुरू भएको उक्त कार्यक्रमको उद्घाटन सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री सपना प्रधान मल्लज्यूले गर्नुभएको थियो भने विशेष अदालतका अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो। सर्वोच्च अदालतका भाषा विज्ञ श्री दीनदयाल रेग्मीले कानूनी नेपाली भाषाको विषयमा गर्नुभएको प्रशिक्षण तालिममा विशेष अदालतका अध्यक्ष तथा सदस्य माननीय न्यायाधीशहरू, विशेष अदालतका रजिस्ट्रार श्री अशोक कुमार क्षेत्री, उपरजिस्ट्रारहरू तथा विशेष अदालतका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

तालिम कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि सर्वोच्च अदालतका माननीय न्यायाधीश सपना प्रधान मल्लज्यूले न्याय सम्पादनमा भाषाको महत्वपूर्ण स्थान रहने तथा भाषा सरल, सहज र बोधगम्य हुनुपर्ने बताउँनुभयो। उहाँले नेपालको संविधानमा देवनागरी लिपिमा लिखित नेपाली भाषालाई राष्ट्रिय भाषा रहने भनी व्याख्यासमेत गरेकाले न्याय सम्पादनमा सबैले बुझ्ने गरी नेपाली भाषाको प्रयोग गर्न सुझाव दिनुभयो। उहाँले विशेष अदालतका शाखा, फाँट, इजलासको अनुगमन/निरीक्षण गरी विशेष अदालतका काम कारवाहीबाट सन्तोष प्रकट गर्नु भयो। तालिममा विशेष अदालतका माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलले भाषिक समस्या जहाँ पनि रहने तर यसलाई सुधार गर्दै लैजानुपर्ने बताउनुभयो। उहाँले तालिमबाट नेपाली भाषाका केही नयाँ नियमसमेत सिक्ने अवसर प्राप्त भएको र यसलाई प्रयोगमा लैजान सहभागीहरूलाई सुझाव दिनुभयो। सदस्य माननीय न्यायाधीश श्री रमेश कुमार पोखरेलले तालिमबाट नेपाली भाषाका विषयमा थप कुराहरू जान्ने र सिक्ने अवसर प्राप्त भएको बताउँदै आगामी दिनमा तालिमबाट सिकेका कुराहरूलाई व्यवहारमा उतार्न प्रयास गर्नुपर्ने बताउनुभयो। तालिममा रजिस्ट्रार श्री अशोक कुमार क्षेत्रीले न्यायिक जनशक्तिको क्षमता विकासका लागि भाषिक दक्षता अभिवृद्धि गर्न भाषालाई सहज, सरल र सबैले बुझ्ने बनाउन भाषिक नियमहरूको सही रूपमा पालना गर्नुपर्ने बताउनुभयो। तालिममा भाषाविज्ञ श्री दीनदयाल रेग्मीले कार्यपत्र प्रस्तुत गर्दै कानूनी नेपाली भाषाको अध्ययन, नेपाली भाषाको स्रोत, वर्णविन्यास, कानूनी शब्दको प्रयोग, व्याकरणिक नियम फैसला लेखनमा शुद्धता सम्बन्धी अभ्यास, लेखन परीक्षण तथा सुझाव, कानूनी पारिभाषिक शब्दहरूको जानकारी, कानूनी शब्दको निर्माण प्रक्रिया र वर्णहरूको प्रयोग सम्बन्धी विषयमा प्रशिक्षण दिनुभएको थियो।

न्याय सम्पादन जस्तो संवेदनशील कार्य सम्पादनमा भाषिक रुपमा सक्षम जनशक्तिको आवश्यकता रहने हुँदा नेपाली भाषाको वर्णविन्यास, वाक्यगठन र शुद्धाशुद्धीमा पनि दखखल जनशक्ति निर्माण गर्न कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण/तालिमले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

उपरजिस्ट्रार/सूचना अधिकारी


passion
100


कानुनी नेपाली भाषाको
भाषिक प्रशिक्षण कार्यक्रम
आयोजक
विशेष अदालत
passion


passion
AQUA


कानुनी नेपाली भाषाको
भाषिक प्रशिक्षण कार्यक्रम
आयोजक
विशेष अदालत
passion
passion


कानुनी नेपाली भाषाको
भाषिक प्रशिक्षण कार्यक्रम
विशेष अदालत